# लोक सेवा आयोग

नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी,

सहसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८१/९/३

समयः ३ घण्टा | पूर्णाङ्कः १००

पत्रः तृतीय

बिषयः प्रशासकीय प्रणालीका आयामहरू

(Dimension of Administrative System)

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

१. नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना व्यवस्था भई तीन तहबाट नै कानून निर्माण गर्ने काम हुँदै आएको छ। संविधानको अनुसूची-५, अनुसूची-७ र अनुसूची-९ मा उल्लेख भएका एकल वा साझा अधिकारका विभिन्न बिषयमा संघीय संसदले विधेयक पारित गरी ऐन बनाउन सक्ने कानूनी र संवैधानिक व्यवस्था रहेको छ। संविधान तथा संसदीय प्रक्रिया बमोजिम कुनै पनि बिषयमा ऐन बनाउनुपर्दा त्यस्तो बिषयमा संघीय संसदको कुनै पनि सदनमा विधेयक पेश गर्नुपर्ने हुन्छ। तर, संविधान बमोजिम अर्थ विधेयक प्रतिनिधि सभामा मात्र पेश हुने व्यवस्था छ। सैद्धान्तिक रूपमा संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक संघीय संसदका प्रत्येक सदस्यले कुनै पनि विधेयक सम्बन्धित सदनमा पेश गर्न सक्छन्। मन्त्री बाहेक अन्य सदस्यले पेश गरेको विधेयकलाई गैरसरकारी विधेयक भनिन्छ।

विगतमा जे जस्तो अभ्यास भए तापनि २०७४ सालमा सम्पन्न आम निर्वाचनबाट गठित संघीय संसदले २०७४ सालमा ४७ (अघिल्लो संसदसहित), २०७५ सालमा ३६ र २०७६ सालमा २० विधेयक पारित गरेको थियो। पहिलो संसदको (प्रतिनिधि सभा) कार्यकाल (२०७४-२०७९) भित्र संसदमा पेश भएका कुल १५३ विधेयकमध्ये ९६ विधेयक मात्र पारित भएका थिए। अर्कोतर्फ सो अविधमा ४९ अध्यादेश जारी भएका थिए।

ऐन निर्माण प्रक्रिया अत्यन्त जटिल, लामो र बढी समय लिने प्रक्रिया हो। विधेयक कुनै एक सदनमा पेश भए पछि पहिलो, दोश्रो र तेश्रो बाचन पुरा गर्नुपर्ने हुन्छ। विधेयकलाई संसदीय समितिमा पठाइएमा समितिले विधेयकको संशोधनकर्ता सदस्यसँग, त्यस विषयमा सम्बन्धित मन्त्री, आमन्त्रित सरकारी अधिकारी, विषयविज्ञ र सरोकारवालासँग परामर्श र छलफल गर्नुपर्ने हुन्छ। समितिमा दफाबार छलफल गरी अन्तिम रूप दिइएको विधेयक समितिको प्रतिवेदनसहित सम्बन्धित सदनमा पठाउनुपर्ने हुन्छ। एक सदनबाट पारित विधेयक उपर अर्को सदनमा पुन: यही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। लामो प्रक्रिया पूरा गर्नुपर्ने हुँदा संसदमा पेश भएका कतिपय विधेयक प्रतिनिधि सभाको कार्यकाल पूरा भएमा वा विघटन भएमा विधेयकहरू निष्क्रिय हुन्छन्। पछिल्ला केही वर्षदेखि संसदले अत्यन्त न्यून संख्यामा विधेयक पारित गरेको कारणले यसको आलोचना हुँदै आएको छ। कैयौं विधेयक संसदीय समितिमा नै थन्किएका छन्। यही कारणले गर्दा संघीय संसदको प्रभावकारितामा प्रश्न उठ्ने गरेको पनि छ।

उपर्युक्त पृष्ठभूमिमा संघीय संसद तथा बिषयगत समितिहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्दै कुन कुन पक्षमा समस्या रहेको पाउनुहुन्छ? तार्किक दृष्टिकोण प्रस्तुत गर्नुहोस्। साथै, संसदको प्रभावकारिता सुनिश्चित गरी परिणाम देखिने गरी विधेयक पारित गर्ने जिम्मेवारीको सही ढंगबाट प्रयोग गर्दै प्रतिवर्ष उल्लेख्य संख्यामा ऐन बनाउन के कस्ता संवैधानिक, कानूनी, नीतिगत र प्रक्रियागत सुधार गर्नुपर्ला? विश्लेषणात्मक सुझाब दिनुहोस्। २५

२. नेपाल विश्वका भूपरिवेष्टित मुलुक मध्येको एक हो। दक्षिण एशिया पुरै बेलायतको उपनिवेश भइरहँदा आफ्नो स्वतन्त्र अस्तित्व जोगाई राखेको दक्षिण एशियाको सबैभन्दा पुरानो मुलुक पनि हो। त्यस्तो अवस्थामा नेपाल रहेको भए तापनि सन् १८१६ को सुगौली सन्धि पश्चात् अन्तर्राष्ट्रिय सम्बन्ध बेलायती साम्राज्य केन्द्रित भएको कारण सन् १९५० को शुरुसम्म नेपालको बैदेशिक व्यापार, पारवहन र विदेशी मुद्राका लागि एउटैमात्र मुलुक भारतमा निर्भर रहनु परेको थियो। बैदेशिक व्यापारमा एउटै मुलुकमाथिको अत्याधिक निर्भरतालाई उच्च जोखिम मानेर त्यसलाई न्युनीकरण गर्ने प्रयास गर्ने गरिन्छ। सन् १९५०-७० का दशकहरूमा कुटनैतिक सम्बन्धमा गरिएको विस्तारबाट प्राप्त अवसरहरू, बैदेशिक व्यापार विविधिकरणका प्रयासहरू, विदेशी मुद्राको संचिति, प्रयोग र विनिमय सम्बन्धी स्वतन्त्र नीति र चीनसँग जोड्ने कोदारी राजमार्ग र सन् २०१४ मा रसुवागढी-केरूङ सडक नेपालको सडक सञ्जालमा जोडिएको जस्ता पूर्वाधारको विकासका कारण सन् १९९० को दशकसम्म आइपुग्दा भारतमाथिको बैदेशिक

व्यापारमा अत्याधिक निर्भरताको उच्च जोखिमलाई केही कम गर्न नेपाल सफल भयो। फलस्वरूप, १९५० को दशकमा सबैजसो बैदेशिक व्यापार भारतसँगमात्र हुने गरेकोमा आ.व. २०५८-५९ को आर्थिक सर्वेक्षणमा उल्लेख भए अनुसार आयातमा भारतको हिस्सा ३७.८ प्रतिशत र निर्यातमा ४४.४ प्रतिशत देखिन्छ। निर्यात-आयात अनुपात सोही वर्ष ४९.६ प्रतिशत थियो। व्यापार विविधिकरणमा केही उपलब्धि हासिल भए तापनि पारवहनमा भारतमाथिको एकल निर्भरता भने कायमै रह्यो।

सन् १९९० को दशकसँगै खुला र उदार अर्थ नीतिका कारण व्यापार व्यवसायमा निजी क्षेत्रको उल्लेख्य सहभागिता, लगानी र व्यापार सम्बन्धी नयाँ नीति तथा कानून निर्माण, सुख्खा बन्दरगाह, रेल, विद्युत तथा सडक जस्ता पूर्वाधार विस्तार, विभिन्न मुलुकसँग व्यापार तथा लगानी सम्बन्धी सम्झौता र समझदारीमा हस्ताक्षर, विश्व व्यापार संगठनमा प्रवेश र निर्यातमा प्रोत्साहन जस्ता थुप्रै उपायहरू अपनाइए। पारवहनमाथिको भारतको एकल निर्भरता तोड्दै सन् २०१६ मा चीनसँग पनि पारवहन तथा व्यापार सम्झौता भई सन् २०१९ मा सम्झौता कार्यान्वयनका लागि त्यसको प्रोटोकलमा पनि हस्ताक्षर भयो। तर, यी सबै प्रयासहरूले सार्थक परिणाम दिन सकेनन्। नेपालको कूल आयातमा निर्यातको हिस्सा बीस वर्ष पहिले ५० प्रतिशतको हाराहारीमा रहेकोमा आ.व. २०७९/८० मा घटेर ९.८ प्रतिशत पुगेको छ। नेपालको विश्वका १७० मुलुकसँग व्यापार भएको छ तापनि भारतसँगको व्यापार निर्भरता बढेको कारण नेपाल विश्व मै अति जोखिम बैदेशिक व्यापार भएको मुलुकमध्ये एक भएको छ। पारवहनमाथिको निर्भरता त छँदैछ अझ औषधी, ईन्धन तथा खाद्यान्न जस्ता अत्यावश्यक वस्तुको आयातमा समेत एउटै मुलुकमाथिको निर्भरता तथा निर्यात-आयात अनुपात घट्दै गएको कारण मुलुक झनझन जोखिमयुक्त बन्दै गएको देखिन्छ। यही कमजोरीको कारण मुलुकले विगत ७० वर्षमा चारचार पटक आर्थिक नाकाबन्दी बेहोर्नुपर्‍यो र नेपालीको राष्ट्रिय स्वाभिमानमा आँच पुग्ने अवस्था समेत आयो। अन्तर्राष्ट्रिय महासन्धिले भूपरिवेष्ठित मुलुकको पारवहन अधिकार सुनिश्चित गरेको भए तापनि नेपालले उक्त अधिकार आशातितरूपमा उपयोग गर्न सकेन। पारवहन सुविधामा एकाधिकार र व्यापार सम्बन्धी पूर्वाधारको अभावमा बैदेशिक व्यापार तथा नेपाली वस्तुको उत्पादन लागत उच्च हुने एवं नेपाल र भारतबीचको खुला सीमानाबाट हुने व्यापार विचलनसमेतको मारमा परेका नेपाली वस्तुले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नसकेको भन्ने व्यवसायीहरूको गुनासो छ। वीरगञ्जमा सुख्खा बन्दरगाह निर्माण गर्न विश्व बैंकले गरेको एक अध्ययनले नेपालको ढुवानी लागत छिमेकी मुलुकको भन्दा १७ प्रतिशतसम्म बढी हुने गरेको देखाएको थियो। नेपालभित्रै पनि यातायात, उर्जा, प्रविधि र पूर्वाधारको अभावमा वस्तुको उत्पादन लागत छिमेकी मुलुकको तुलनामा बढी हुने गरेको बताइन्छ।

चीनसँग पारवहन सम्झौता गरेर नेपाललाई भुपरिवेष्ठित मुलुकबाट भुजडित मुलुक बनाउने सपना पूरा गर्न र चीनले पारवहनका लागि उपलब्ध गराएका चार वटा बन्दरगाहबाट पारवहन सुविधाको लाभ लिनका लागि युरोपदेखि मध्य, पश्चिम, पूर्व र दक्षिणपूर्व एशियाभर फैलिएको र नेपालको सिमानाबाट ५०० कि.मी. टाढा सिगात्सेसम्म आएको चीनको बिशाल रेल सञ्जाललाई नेपाल हुँदै दक्षिण एशिया जोड्नुपर्ने हुन्छ। तर त्यस सम्बन्धी कुनै योजना देखिँदैन। चीनसँगका सडक जोडिएका रसुवागढी र कोदारी दुई नाकामा पूर्वाधार तथा त्यहाँबाट राजधानी जोड्ने सडकको अवस्था यति दयनीय छ कि चीनभित्रको तीन चार हजार कि.मी. टाढाबाट चीनको सिमानासम्मको ढुवानी लागत र सीमानाबाट १५० कि.मी. भन्दा कम दुरी रहेको काठमाडौंसम्मको लागत उस्तै पर्ने व्यवसायीहरू बताउँछन्। सिगात्सेसम्म आएको रेल सेवालाई नेपालसम्म रेलसेवाले नजोड्ने हो भने नेपाललाई भूजडित बनाउने र चीनको बन्दरगाह पारवहनका लागि प्रयोग गर्ने सपना आकाशकै फल हुने अवस्था छ। रेल सेवा विस्तारसँग नेपालको उच्च सम्भावना भएको वस्तुलाई चीन, भारत लगायत विश्वका ठूला उत्पादन गृहको सहउत्पादनको मूल्य-श्रृंखलामा जोडिनु अनिवार्य हुन्छ। त्यसका लागि उच्चस्तरको पूर्वाधार विकास अनिवार्य हुन्छ। पूर्वाधारमा लगानीका लागि वित्तीय श्रोतको अभाव रहेको हाम्रो जस्तो मुलुकका लागि चीनले अगाडि सारेको महत्वाकांक्षी योजना बि.आर.आई. एक बैकल्पिक श्रोत र अवसर हो भन्ने आधारमा सात वर्ष पहिले बि.आर.आई. समझदारी पत्रमा हस्ताक्षर पनि भएको थियो।

यस परिप्रेक्ष्यमा देहायका बिषयमा बिश्लेषणात्मक उत्तर लेख्नुहोस्। १०+१०+५=२५

क) नेपाल जस्तो भूपरिवेष्ठित मुलुकको व्यापार तथा पारवहनमा एक मुलुकमाथिको अत्याधिक निर्भरता हटाई व्यापार विविधिकरण तथा निर्यात प्रवर्द्धन गर्न र अन्तर्राष्ट्रिय व्यापारमा भएको उच्च जोखिम न्यूनीकरणका लागि के कस्ता रणनीति, योजना र कार्यक्रम अगाडि बढाउनु आवश्यक हुन्छ?

ख) उपर्युक्त योजना तथा कार्यक्रमका लागि वित्तीय, मानवीय तथा प्रविधिजन्य श्रोतको व्यवस्थापन कहाँबाट कसरी गर्न सकिन्छ? कार्यान्वयनमा आउने चुनौतीहरू के के हुन सक्छन्? चुनौती सामना गर्न के कस्ता उपायहरू अपनाउनुपर्ला?

ग) नेपाल कसरी र कति अवधिमा भूजडित मुलुक बन्ने सम्भावना देख्नुहुन्छ?

३. नेपालको संविधान बि.सं. २०७२ साल असोज ३ गते जारी भएपछि नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयनमा आयो। संघीय व्यवस्था अन्तर्गत संघ, प्रदेश र स्थानीय गरी तीनवटा तहमा राज्यशक्तिको बाँडफाँड गरियो। विश्वमा संघीयता प्रयोगको ढाँचालाई हेर्ने हो भने कतिपय मुलुकले तीन तहको संघीयता र कतिपय मुलुकले दुई तहको संघीयता अपनाएको देखिन्छ। कतिपय मुलुकले सबै संघीय ईकाइलाई समान अधिकार दिएका छन् भने कतिपय मुलुकले फरक फरक अधिकार दिएको देखिन्छ।

संघीय शासन व्यवस्था अपनाउनुको मुख्य उद्देश्य क्षेत्रीय असन्तुलनलाई कम गर्ने र आर्थिक, सामाजिक एवं सांस्कृतिक बिषमतालाई हटाउने नै थियो। तीन तहका सरकारलाई कामको साथै राजश्व उठाउने अधिकार पनि दिइएको छ। काम र राजश्व अधिकारलाई ठ्याक्कै मिलाउन सम्भव नहुने हुँदा तुलनात्मक रुपमा बढी राजश्व उठाउने तहको सरकारबाट कम राजश्व उठ्ने तहको सरकारलाई हस्तान्तरण गर्ने गरी अन्तरसरकार वित्तीय हस्तान्तरणको व्यवस्था पनि गरिएको छ। वित्तीय हस्तान्तरणको अंश यकीन गर्न विभिन्न सूचकहरुको प्रयोग गरिएको छ। जस्तै जनसंख्या, भूगोल, मानव विकास सूचकांक, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकास, राजश्व उठाउन सक्ने क्षमता, खर्चको आवश्यकता आदि। यी सूचकहरूमा संघीय ईकाइहरूबीच थुप्रै भिन्नताहरू रहेका छन्। जस्तै, भूगोलको आधारमा सबैभन्दा सानो मधेश प्रदेश हो भने यो भन्दा तीन गुणा ठूलो कर्णाली प्रदेश रहेको छ। त्यस्तै नाम्खा गाँउपालिकाको क्षेत्रफल २,४१९ वर्ग कि.मि. छ भने भक्तपुर नगरपालिकाको क्षेत्रफल ६.८ वर्ग कि.मि. मात्र रहेको छ। यसरी ठूलो क्षेत्रफल भएका ईकाइहरूले क्षेत्रफलको भार बढाई वित्तीय हस्तान्तरण गर्न पर्‍यो भन्छन् भने सानो क्षेत्रफल भएका ईकाइहरूले क्षेत्रफलको भार घटाई अनुदानको अंश गणना गर्न भनिरहेका छन्। मधेश प्रदेशले अनुदानको हिस्सा निर्धारण गर्दा जनसंख्यालाई दिइएको भार कम भयो भन्छ भने कर्णाली प्रदेशले जनसंख्यालाई दिएको भार बढी भयो भन्छ। पूर्वाधार विकासको हिसाबले पनि विभिन्नता रहेको पाइन्छ।

खर्चको आवश्यकता र राजस्व क्षमताबीचको अन्तरलाई पूर्ति गर्नको लागि समानीकरण अनुदानको व्यवस्था गरिए पनि समानीकरण अनुदान घट्दै गएको र सशर्त अनुदान बढ्दै गएको देखिन्छ। सशर्त अनुदान वितरण गर्ने आधारहरू राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले सिफारिश गरे तापनि ती आधारहरूको कसरी उपयोग भयो भनी नेपाल सरकारबाट प्रष्ट नपारिएको हुँदा त्यसको कार्यान्वयन नभएको भन्ने आयोगको भनाई छ। आयोजना र बजेट रकम नं. नै तोकेर सशर्त अनुदान उपलब्ध गराइएकोले प्रदेश र स्थानीय सरकारको योजना र बजेट बनाउने संवैधानिक अधिकार संकुचित हुन गएको देखिन्छ। यसले गर्दा कार्यक्रम कतै दोहोरो त कतै कार्यक्रम नै नरहेको, प्राथमिकीकरणको आधार प्रष्ट नभएको, श्रोतको वितरणमा समन्यायिकता कायम हुन नसकेको जस्ता बिषयहरू उठ्ने गरेका छन्। राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको पाँचौ वार्षिक प्रतिवेदन अनुसार स्थानीय सरकारमा सशर्त अनुदानको बजेट निकासा हुँदा बजेटको ४९ प्रतिशतदेखि १५८ प्रतिशतसम्म निकासा भएको देखिन्छ। न्यूनतम रु.२० लाखदेखि कुनै पालिकामा १ अर्ब ७१ करोड ७४ लाखसम्म पनि निकासा भएको देखिन्छ।

उपर्युक्त पृष्ठभूमिको आधारमा तपाईलाई राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सहसचिवको रुपमा जिम्मेवारी दिइएमा विभिन्न तहका परस्पर विरोधी प्राथमिकता र मागहरूलाई संबोधन गर्ने वित्तीय ढाँचा कस्तो र कसरी तयार गर्नुहुन्छ ? नेपाल सरकारलाई राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको तर्फबाट गरिने सिफारिसमा के के बिषयहरू समेट्नुहुन्छ ? समकालीन अन्तर्राष्ट्रिय असल अभ्यासहरूलाई दृष्टिगत गर्दै तत्कालीन र दीर्घकालीन रुपमा लिनुपर्ने रणनीति र सुधारका बिषयहरू के के हुन सक्लान् ? विश्लेषणात्मक सुझाब दिनुहोस्।

७+८+१०=२५

४. नेपालमा आर्थिक क्षेत्र सुधार कार्यक्रम ४० को दशकमा शुरु भइसकेपछि देशको आर्थिक विकासमा निजी क्षेत्रको बलियो उपस्थिति हुनुपर्ने महसुश गर्न थालिएको हो। आठौं पञ्चवर्षीय योजनाले निजी क्षेत्रको भूमिका बृद्धि गर्ने तथा आर्थिक उदारीकरणको नीतिसहित दिगो आर्थिक विकासको लक्ष्य हासिल गर्ने नीति लिएको थियो। त्यसपछिका आवधिक योजनाहरूले निजी क्षेत्रको उपस्थिति र लगानीलाई आकर्षित गर्ने गरी रणनीति तथा कार्यक्रमहरू ल्याइरहेका छन्। त्यस्तै, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्त्व दिंदै उपलब्ध श्रोत र साधनको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने नीति संविधानले लिएको छ। स्वदेशी पूँजी वा वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण वा सार्वजनिक-निजी साझेदारीको माध्यमबाट भौतिक पूर्वाधार, शैक्षिक, सामाजिक, सञ्चार, उद्योग, व्यापार-व्यवसाय, स्वास्थ्य र यातायात क्षेत्रमा निजी क्षेत्रले लगानी गर्दै आएकाले ती क्षेत्रहरूमा सन्तोषजनक विकास भएको देख्न सकिन्छ। तर, पछिल्ला वर्षहरुमा सरकारमाथि हाबी भएको, राजनीतिक संरक्षणमा आफ्नो व्यापारीक साम्राज्य बढाएको, उच्चपदस्थ कर्मचारीसँगको उठबसबाट नीति हस्तक्षेप गर्ने गरेको जस्ता गुनासाहरू निजी क्षेत्रका उद्योगी व्यवसायीहरूसँग जोडिएर आउने गरेको पाइन्छ। कानूनले तोकेको भन्दा धेरै प्रतिशतमा [illegible]

कर छल्ने, बैंक वा वित्तीय संस्थाहरूबाट लिइएको ऋणको साँवा व्याज नतिर्ने, सरकारलाई तिर्नुपर्ने रकम कलम नतिर्ने जस्ता निजी क्षेत्रका अवाञ्छित अभ्यासहरूमा सरकारको हस्तक्षेप जरुरी भइसकेको छ। निजी क्षेत्रका स्वास्थ्य प्रयोगशालाहरूले डेंगु जाँच गर्दा ३० गुणासम्म बढी शुल्क लिने गरेका र नेपाल विद्युत प्राधिकरणसँगको डेडिकेटेड तथा ट्रंकलाईन महशुल विवाद अदालतसम्म पुगेको प्रतिनिधि घटनाहरूले सरकारको निरीहतालाई दर्शाएको छ । सरकारी दृष्टिकोणसँग निजी क्षेत्र असन्तुष्ट, निजी क्षेत्रको व्यवहारसँग आम उपभोक्ता असन्तुष्ट र सरकार तथा निजी क्षेत्रसँग सर्वसाधारण असन्तुष्ट रहिरहनु देशको आर्थिक विकासका लागि राम्रो संकेत होइन । यस्ता असन्तुष्टिहरूको हल समयमै ननिकालेमा शासन व्यवस्थामा समेत असर पर्न जाने उदाहरण सार्क मुलुकहरूमा घटेका राजनीतिक घटनाबाट सिक्ने बेला आएको छ।

उपर्युक्त पृष्ठभूमिको सन्दर्भलाई मध्यनजर गर्दै निम्न प्रश्नहरूको उत्तर दिनुहोस्। ६+६+६+७=२५

क) निजी क्षेत्रलाई उसले बिज्ञता हासिल गरेको क्षेत्रमा संलग्न गराई थप अघि बढाउन सरकार कहाँ कहाँ चुकेको देख्नुहुन्छ ? विद्यमान संरचनामा के-कस्ता सुधारहरू भएमा सरकार निजी क्षेत्र मैत्री बन्ने देख्नुहुन्छ ? विश्लेषण गर्नुहोस्।

ख) निजी क्षेत्र कानूनी सीमाभित्र परिचालित नहुनुमा सरकारका के-कस्ता कमजोरीहरुले सघाउ पुऱ्याएको देख्नुहुन्छ ? मिल्दो उदाहरणसहित समाधानका उपाय सुझाउनुहोस्।

ग) सरकार र सर्वसाधारण प्रति निजी क्षेत्र जवाफदेही र उत्तरदायी बन्नका लागि के-कस्ता संयन्त्र, नीतिगत एवं संरचनागत खाँचो महसुश गर्नुहुन्छ ? मौलिक एवं तर्कपूर्ण जवाफ दिनुहोस्।

घ) निजी क्षेत्रलाई साँचो अर्थमा आर्थिक विकासको संबाहकको रुपमा रुपान्तरण गर्न कस्तो किसिमको प्रशासनिक नेतृत्त्वको खाँचो देख्नुहुन्छ? त्यस्तो नेतृत्त्वलाई के कसरी संरक्षण गरिनुपर्छ ? तार्किक एवं विवेचनात्मक जवाफ दिनुहोस्।

‹‹‹‹समाप्त››››